# गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

**कोभिड-१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा संचालन सम्वन्धि कार्यविधि, २०७७**

खण्ड : ४ संख्या : २ मिति : २०७७/०३/१०

**भाग : २**

**गण्डकी गाउँपालिका**

# कोभिड-१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा संचालन सम्वन्धि कार्यविधि, २०७७

**परिचय :**

कोरोना भाईरस (कोभिड १९) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट स्थानीय तहको सेवा प्रवाह र विकास निर्माण कार्य प्रभावित भएको अवस्थामा चालु बन्दाबन्दी अवधि पश्चात कार्यालय संचालन, स्थानीय तहको बैठक, कार्यशाला, भेला तथा अन्य कार्यक्रमहरुको आयोजना र विकास पुर्वाधार निर्माण लगायतका कार्यहरु सञ्चालन गर्दा सेवा प्रवाहमा संलग्न कर्मचारी र जनप्रतिनिधि, निमाण कार्यमा संलग्न फर्म तथा सम्पूर्ण जनशक्ति (कामदार, सुपरभाइजर, इन्जिनियर तथा अन्य सम्वन्धित व्यक्तिहरू) र अन्य सेवाग्राहीको स्वास्थ्य सुरक्षा र संक्रमणको सम्भावित जोखिमको न्यूनीकरण गर्न र कोरोना भाइरस (कोभिड-१९) प्रकोप विरूद्ध नेपाल सरकारले लिएका पहल कदम तथा घोषणाहरू कार्यान्वयनार्थ कार्यविधि बनाउन आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) र गण्डकी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गण्डकी गाँउ कार्यपालिकाले **"कोभिड-१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा संचालन सम्वन्धि कार्यविधि, २०७७"** बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"कोभिड-१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा संचालन सम्वन्धि कार्यविधि २०७७,"** रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले गण्डकी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले कोभिड-१९ को कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा संचालन सम्वन्धि कार्यविधि,२०७७ सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिका बुझ्नुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले गण्डकी गाउँपालिकाको गाउँकार्यपालिका बुझ्नुपर्छ ।

**३. कार्यविधिको उद्धेश्य :**
कोरोना भाईरस (कोभिड १९) को संबेदनशिलतालाई ध्यानमा राखि यो कार्यविधि तयार गरिएको छ । यो कार्यविधि तयार गर्नुका मुख्य उद्धेश्यहरु देहाय अनुसार रहेका छन ।

- गाँउपालिकाद्धारा तर्जुमा गरिएका आयोजनाहरु सुरक्षित रुपमा संचालन गर्नु ।
- गाँउपालिकाद्धारा प्रदान गरिने सेवालाई सुरक्षित रुपमा प्रवाह गर्नु ।
- गाँउपालिकाले आयोजना गर्ने बैठक, सभा सम्मेलन, भेला र अन्य कार्यक्रमहरु सहज र सुरक्षित रुपमा सम्पन्न गर्नु ।
- गाँउपालिका अन्तर्गतका जनप्रतिनिधी र कर्मचारीहरुले प्रयोग गर्ने व्यक्तिगत सुरक्षा सामग्रीहरु सम्बन्धी बिस्तृत जानकारी गराउनु ।

## परिच्छेद २
## प्रतिकुल अवस्थामा सेवा संचालन सम्वन्धि व्यवस्था

**४. सेवा संचालनका क्षेत्रहरु :**
यस कार्यविधिले गाँउपालिकाका जनप्रतिनिधीहरु, गाउँपालिकामा कार्यरत कर्मचारीहरु, उपभोक्ता समितिका पदाधिकारीहरु, स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्थाका कर्मचारीहरु, नीजि क्षेत्र तथा निर्माण व्यावसायीहरु लगायतका ब्यक्तिहरुसंगै देहायका क्षेत्रहरुलाई यस कार्यविधिले समेटेको छ ।

- **कार्य स्थल** : गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, गैर सरकारी संस्थाका कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्था, टोल विकास संस्थाहरु, आमा समुह, कृषि तथा भेटेनरी समुहहरु, राहत वितरण स्थल आदि ।
- **कार्यक्रमहरुः** घुम्ति शिविरहरु, घरदैलो कार्यक्रम,खोप कार्यक्रमहरु आदि
- **निर्माण स्थल वातावरण :** सडक निर्माण, विद्यालय भवन निर्माण, सिंचाई, खानेपानी, सामुदायिक भवन, बाटो निर्माण, क्वारेन्टाईन, स्वास्थ्य भवन, पुल निर्माण आदि
- **गैद्ध निर्माण कार्यक्रमहरु :** आय आर्जन कार्यक्रमहरु, तालिम, कार्यशाला बैठक, फिल्ड भ्रमण, भ्रमण,
- **व्यवसाय संचालन स्थल :**
- **यातायात**

- **आन्तरिक राजश्व संकलन** आदि

**५. संचालन समिति सम्वन्धि ब्यवस्था :** (१) कोरोना भाईरस (कोभिड १९) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट स्थानीय तहको सेवा प्रवाह र विकास निर्माण कार्यलाई सुरक्षित र ब्यवस्थित रुपमा संचालन गर्नको लागि गाउँपालिकामा देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष — संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) सामाजिक विकास समितिका संयोजक — सदस्य
(ङ) स्वास्थ्य शाखा प्रमुख — सदस्य
(च) पूर्वाधार विकास शाखा प्रमुख — सदस्य
(छ) विपद् व्यवस्थापन सम्बन्धी कार्य हेर्ने गरी तोकिएको शाखा प्रमुख — सदस्य सचिव

(२) समितिले स्थानीय विपद् व्यवस्थापन सम्बन्धी कार्यमा योगदान पुऱ्याउन सक्ने अन्य व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

**६. नियमहरु :** गाँउपालिकाले तपशिलमा उल्लेखित भए अनुसारका क्षेत्रमा तपशिल वमोजिमको नियमहरु सम्वन्धि ब्यवस्था गरेको छ ।

**(क) कार्यालय प्रवेश गर्नु अघि पालना गर्नु पर्ने नियमहरु :** कार्यालय प्रवेश गर्नु अघि सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु र सेवाग्राहीहरुले देहायका नियमहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

- कार्यालय परिसर वा प्रतिक्षालयमा ३ जना भन्दा बढी संख्याको समूहमा बस्न पाइने छैन ।
- प्रत्येक सेवाग्राहीले एक अर्कासंग कम्तिमा १ मिटर भौतिक दुरी कायम गर्नु पर्नेछ ।

- सकभर सेवाग्राहीले सम्बन्धित शाखाको कर्मचारीसंग भेट्ने समय निश्चित गर्ने र एक पटकमा बढीमा ३ जना मात्र उपस्थित हुन प्रयास गर्ने ।
- सोधपुछ तथा सहायता कक्षमा १ मिटरको भौतिक दुरी राखी पालैपालो सम्पर्क गर्नु पर्नेछ ।
- कार्यालयको मुख्य प्रवेशद्धारमा साबुनपानी र स्यानीटाइजरको व्यवस्था गरिनेछ । कार्यालय प्रवेश गर्नु अघि अनिवार्य रुपमा साबुनपानी वा स्यानीटाईजरले हात धुनु पर्नेछ ।
- हरेक सेवाग्राही र कर्मचारीले अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ ।
- गाउँपालिकाको कार्यालयको सोधपुछ तथा सहायता कक्षमा जानु अघि स्वास्थ्य सहायता कक्षमा सेवाग्राहीले ज्वरो चेक गर्ने ब्यबस्था गरिनेछ ।
- हरेक सेवाग्राहीले आफ्नो विवरण जस्तै : नाम, कामको उद्देश्य, भेट्नु पर्ने शाखा वा व्यक्ति, फोन नं., ठेगाना दर्ता किताब (Visitor Register) मा उल्लेख गरेर मात्र कार्यालयमा प्रवेश गर्नु पर्नेछ ।
- सेवाग्रहिले सेवा लिन जाँदा आबश्यक कागजात बारे सोधपुछ कक्षबाट पूर्व जानकारी लिनु पर्नेछ ।
- जनप्रतिनिधिज्यूहरुसंग सम्भव भएसम्म संचार माध्यमबाट छलफल र समन्वय गर्ने प्रयास गर्नुपर्नेछ ।
- प्रत्यक्ष भेटघाट गर्नु परेमा सम्भव भएसम्म आबश्यक समय लिई मात्र कार्यालयमा १ मिटरको भौतिक दुरी कायम गरि भेटघाट गर्नु पर्नेछ ।
- सेवा प्रवाह गर्दा गर्भवती, अपांग, जेष्ठ नागरिक र बालबालिकालाई प्राथमिकता दिइनेछ ।

**(ख) कार्यालय भित्र पालना गर्नु पर्ने नियमहरुः** कार्यालय भित्र सम्पूर्ण सेवाग्राहीहरुले देहायका नियमहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

- सेवाग्राहिले सेवा लिन जाँदा आबश्यक कागजात सबै संलग्न गरि सम्बन्धित कर्मचारी र शाखामा १ मिटरको भौतिक दुरी कायम गरि सम्पर्क गर्नु पर्नेछ ।
- कर्मचारीले अनुरोध गरे बमोजिमको स्थानमा मात्र बस्नु पर्नेछ ।
- सेवाग्राहीले कार्य सम्पन्न गर्ने समय अबधि ५ मिनेट भन्दा बढी भए आबश्यक समय निश्चित गरि कार्यालय बाहिर प्रतिक्षालय वा तोकिएको स्थानमा बस्नु पर्नेछ ।

- कार्यालयमा  कामसँग सम्बन्धित न्युनतम आबश्यक सेवाग्राही मात्र प्रवेश गर्नु पर्नेछ ।
- आफ्नो कामसँग सम्बन्धित शाखा र कर्मचारी बाहेक सकभर अन्य व्यक्तिसंग भेटघाट गर्न पाईनेछैन।
- कोभिड १९ को लक्षण संग मिल्दो जुल्दो सेवाग्राहीले आफु नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्य कर्मचारीलाई तुरुन्त सम्पर्क गर्नु पर्नेछ ।

(ग) **कार्यालयमा सेवा प्रबाह गर्दा पालना गर्नु पर्ने नियमहरु :** गाउँपालिका भित्रको सेवाप्रवाहलाई सुरक्षित र ब्यवस्थित रुपमा संचालन गर्नका लागि गाउँपालिकाले देहायका नियमहरुलाई कडाईका साथ लागु गर्नेछ ।

- पर्याप्त कार्यकक्षको अभावका वावजुद पनि यस गाउँपालिकाले आफ्नो जिम्मेवारी अनुरुप सेवा प्रवाह गरिरहेको छ र आगामी दिनमा पनि साविककै समय अनुसार कार्यालय खुल्ने र बन्द हुने छ ।
- यस विषम परिस्थितिमा भौतिक दुरी कायम गर्नु अपरिहार्य भएकाले कार्यकक्षमा कम्तिमा दुई मिटर भौतिक दुरी कायम गरी कर्मचारीहरुलाई बस्ने व्यवस्था मिलाइनेछ ।
- सबै कर्मचारी अनिवार्य रुपमा कार्यालयमा हाजिर हुने ब्यवस्था गरिनेछ ।
- कार्यालयबाट सेवा प्राप्त गरीसकेपछि सेवाग्राहीहरु जतिसक्दो चाँडो कार्यालय परिसरबाट बाहिरिनु पर्नेछ ।
- कोभिड १९ सम्बन्धि जानकारी मुलक संदेश आफ्नो टोल छिमेकमा जानकारी गराउन प्रचार दुतको कार्य गर्नु सबै जनप्रतिनिधीहरु, कर्मचारीहरु र आम नागरिकहरुको कर्तव्य हुनेछ ।

(घ) **समुदाय स्तरमा सेवा प्रवाहगर्दा पालना गर्नु पर्ने नियमहरुः** कोरोना भाईरस (कोभिड १९) को संभावित संक्रमणको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट पर्न गएको असरलाई ध्यानमा राखेर गाउँपालिकाले समुदाय स्तरमा आफनो सेवा प्रवाहगर्दा देहायको नियमहरु पालना गर्नुपर्नेछ ।

- सामाजिक सुरक्षा भत्ता, राहत लगायत घर दैलोमा प्रदान गर्न सकिने सेवा यथासम्भव घर दैलोबाट दिइने ब्यबस्था गरिनेछ ।
- घर दैलो पुगेर दिईने सेवामा आबश्यक कर्मचारी तथा जनप्रतिनिधीहरु मात्र सहभागी हुने र १ मिटरको भौतिक दुरी कायम गर्ने ।

- सेवाग्राही पनि १ मिटरको भौतिक दुरी कायम गरि ५ जना भन्दा बढी उपस्थित नहुने ।
- सुरक्षाको लागि मास्क, पन्जा आदिको यथा सम्भव अनिबार्य प्रयोग गर्ने ।

**(ª) लकडाउन पश्चातको अवस्थामा बैठक, कार्यशाला, भेला जस्ता कार्यक्रम आयोजना गर्दा सम्पूर्ण कार्यालय र संघसंस्था हरुले देहायका नियमहरु पालना गर्नुपर्नेछ** : गाउँपालिकाले आफनो वार्षिक वजेट तथा कार्यक्रम र अन्य सहयोगि निकायहरुले लकडाउन पश्चातको अवस्थामा बैठक, कार्यशाला, भेला जस्ता कार्यक्रम आयोजना गर्दा देहाय वमोजिमका नियमहरु पालना गर्नु पर्नेछ ।

- लकडाउन पश्चातको अवस्थामा पनि अति आवश्यक बैठक, कार्यशाला र भेलाहरु गाँउपालिकाको स्विकृतिमा मात्र आयोजना गर्नुपर्नेछ ।
- गाँउपालिका तथा वडाका बैठकहरु र नागरिकले नियमितरुपमा प्राप्त गर्नुपर्ने सेवासँग सम्वन्धित बैठक तथा छलफलहरुमा कोरोना रोकथामका लागि गर्नैपर्ने आधारभुत सुरक्षा सुनिश्चित गरी संचालन गर्नुपर्नेछ् ।
- मानिसहरुको जमघट गरी गर्नै पर्ने क्रियाकलाप तथा सेवाहरु प्रदान गर्दा स्वास्थ्य सुरक्षा सामाग्रीहरु जस्तै ग्लोव, मास्क, सेनिटाईजर आदि अनिर्वाय रुपमा ब्यवस्था गर्नुपर्नेछ ।
- सम्भव भएसम्म दुर (भर्चुअल) बैठकहरुको प्रवर्द्धन गर्नुपर्नेछ यदि सम्भव नभएमा मानिसहरुको जमघटलाई सकेसम्म सानो सानो समुहमा विभाजन गरी भौतिक दुरी कायम गरी संचालन गर्नुपर्नेछ ।
- आवश्यक बैठक, कार्यशाला तथा मानिसहरुको जमघट गर्दा शुरुमा कोरोना विरुद्धको सावधानीका उपायहरु, पोषण, स्वच्छ खानेपानी तथा सरसफाइ, मानसिक स्वास्थ लगायतका विषयहरुमा सेवाग्राही तथा सहभागीहरुलाई जानकारी गराउनु पर्नेछ ।
- मानिसहरुको जमघट वा सेवाग्राहीमध्ये कसैलाई कोरोनासँग सम्वन्धित लक्षणहरु (रुघाखोकी, ज्वरो आदि) देखा परेमा अनिवार्य रुपमा गाउँपालिकामा खबर गरी स्वास्थ्य परीक्षणको व्यवस्था गर्नु पर्नेछ ।
- भौतिक दुरी कायम गरी स्थानीय तहको सहभागितात्मक योजना निर्माण प्रकृयालाई अभ्यास गर्नुपर्नेछ ।

- मानिसहरुको जमघट हुने स्थानहरुमा वालवालिका, बृद्धबृद्धा, विरामी, गर्भवती महिला, अपाङ्गता भएका ब्यक्तिहरुको राय सल्लाह तथा सहभागिता आवश्यक पर्नेमा (योजना निर्माण प्रक्रिया आदि) उनीहरुको प्रतिनिधित्व हुनेगरी प्रतिनिधिमुलक वा त्यस्ता ब्यक्तिहरुको समूह/संजाल मार्फत पनि सहभागिता गर्नुपर्नेछ ।
- गाँउपालिका तहमा कृयाशिल विकास साझेदार, गैरसरकारी संस्था, सामुदायिक संस्थाहरु/समूह, मिडिया र सबै सरोकारवालाहरुको साझा समन्वय र सहकार्यता तथा गाँउपालिकाको नेतृत्व र सहजीकरणमा कोरोनाको जोखिम र प्रभावलाई कम गर्नका लागि कार्य गर्नुपर्नेछ ।
- सरकारी निकाय, सामाजिक संघ संस्था तथा अन्य सबै सरोकारवालाहरुले आफ्नो प्रगति प्रतिवेदनमा कोभिड १९ कोरोना रोकथाम तथा नियन्त्रण वा यसको प्रभाव न्युनिकरणका लागि गरिएका प्रयासहरुलाई पनि समावेश गर्नुपर्नेछ ।

**(च) लकडाउन समाप्ति पश्चात निर्माण कार्य शुरु गर्दा पालना गर्नु पर्ने नियमहरुः** लकडाउन पछिको अवस्थामा गाउँपालिका भित्र भौतिक पूर्वाधार निर्माणका कामहरु संचालन गर्दा सम्पुर्ण निर्माण ब्यवसायीहरु र उपभोक्ता समितिहरुले देहाय वमोजिमका नियमहरु पालना गर्नु पर्नेछ ।

- लक डाउनको अवधि पश्चात शुरु हुने निर्माण कार्यहरुको प्राथमिकता गाउँपालिकाले तोक्नेछ ।
- निर्माण कार्य सुचारु गर्दा नेपाल सरकारद्धारा निर्धारित मापदण्ड अनुरुप भौतिक दुरी कायम गर्नु पर्नेछ ।
- निर्माण कार्य गर्दा कामदारहरुलाई सके सम्म सानो-सानो समुहमा विभाजन गरी काममा लगाउनु पर्नेछ ।
- निर्माण कार्यमा संलग्न कामदार तथा अन्य जनशक्तिहरु निर्माण क्षेत्रमा नै बस्ने ब्यवस्था गरी परिवार तथा समुदायसँग सन्निकट नहुने वातावरण सुनिश्चत गर्नु पर्नेछ ।
- निर्माण स्थलमा सुरक्षा कवचहरु जस्तैः ग्लोव, मास्क, सेनिटाईजर आदि अनिवार्य रुपमा ब्यवस्था गनुपर्नेछ ।
- समय समयमा निर्माण कार्यमा संलग्न मजदुर तथा अन्य जनशक्तिको स्वास्थ्य परीक्षणको अनिवार्य ब्यवस्था गर्नुपर्नेछ ।

- सम्भव भए सम्म उपभोक्ता समितिको अभिमुखिकरणको आयोजना गर्दा भौतिक दुरी सहित त्यसमा कोरोना बिरुद्धको सावधानीका उपायहरुबारे उपभोक्ता समितिलाई जानकारी गराउनु पर्नेछ ।
- अब शुरु गरिने निर्माण कार्यहरुको हकमा लागत ईष्टिमेटमा नै व्यक्तिगत सुरक्षा सामाग्रीको लागत सारांश समावेश गरी उपभोक्ताहरुबाटै खरीद गरी प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भए सम्म निर्माण सुरु गरिने आयोजनाहरु तथा निर्माणाधिन आयोजनाहरुलाई पूनः सूचारु गर्दा प्रत्येक दिन काम सुरु गर्नु भन्दा पहिले १० मिनेट सावधानीका उपायहरु बारे निर्माण कार्यमा संलग्न हुने कामदार र अन्य जनशक्तिलाई जानकारी दिनुपर्नेछ ।
- स्थानीय तहका प्राबिधिकहरुले अनुगमन प्रतिवेदन पेश गर्दा कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि आयोजनाले अपनाएका सावधानीहरुको वारेमा उल्लेख गनुपर्नेछ ।
- निर्माणाधिन तथा अब शुरु गरिने आयोजनाको निर्माण कार्यमा सकेसम्म स्थानीय कामदारहरुलाई प्राथमिकता दिनु पर्नेछ । अन्य स्थानबाट कामदार र जनशक्ति परिचालन गर्नु पर्ने भएमा स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य परीक्षण गराई काममा लगाउन सकिनेछ । उक्त कुराको जानकारी गाउँपालिकालाई अनिर्वाय रुपमा गराउनु पर्नेछ । साथै यस्ता कामदार तथा जनशक्तिको बस्ने ब्यवस्था र अन्य सावधानीका कुराहरु माथि उल्लेख भए अनुसार नै हुनेछ ।
- आयोजनाहरुको बैठक, सार्वजनिक लेखा परीक्षण वा अन्य बैठकहरु बस्दा सामाजिक तथा भौतिक दुरी कायम गरि बस्नुपर्ने तथा सो बैठक हुनुपूर्व गाउँपालिकालाई अनिवार्य रुपमा जानकारी गराउनु पर्नेछ ।
- आयोजनाको निर्माण कार्यमा वालवालिका, बृद्धबृद्धा तथा गर्भवती महिला, अपांगता भएका ब्यक्तिहरुलाई लगाउन पाईनेछैन ।
- आयोजना निर्माण गर्ने क्रममा कामदार तथा अन्य जनशक्ति कसैलाई रुघाखोकी, ज्वरोको लक्षणहरु देखा परेमा अनिवार्य रुपमा गाउँपालिकामा खबर गरी स्वास्थ्य परीक्षणको लागि सहज गर्नु पर्नेछ ।
- गाउँपालिकाबाट निर्माणाधीन आयोजनाहरुको नियमित रुपमा अनुगमन गर्ने सन्दर्भमा पनि उल्लेखित सावधानीका उपायहरु अवलम्बन गर्नुपर्नेछ ।

**(छ) यातायात सम्बन्धि सावधनी :** कोरोना भाईरस (कोभिड १९) को संभावित संक्रमणलाई मध्यनजर गरेर यस गाउँपालिका भित्र संचालनमा हुने सम्पूर्ण सरकारी, नीजि तथा सार्वजनिक यातयातहरुले देहायका नियमहरुको पालना गर्नुका साथै गाउँपालिका वाट देहायको ब्यवस्था गरिनेछ ।

- यातायात प्रयोग गर्नु पर्ने सम्बन्धि कामलाई घटाउने र अनावश्यक यातायातलाई निरुत्साहित गर्नुपर्नेछ ।
- जनप्रतिनिधि र कर्मचारीहरू घरबाट कार्यालयसम्म आउन जान सकेसम्म एक्लै आफ्नै सवारी साधनमा आवत जावत गर्नुपर्नेछ ।
- कार्यालयका सवारी साधन चालकहरुलाई सु-सुचित गराउनुका साथै सम्भावित जोखिमबाट बच्नका लागि आवश्यक सुरक्षा कवचका वारेमा जानकारी प्रदान गर्नुपर्नेछ ।
- गाडी तथा मोटरसाइकलहरूको ह्याण्डिल र गाडीको ढोकाहरु संक्रमणरहित बनाउनु पर्ने र तिनिहरुको लागि उपयुक्त पार्किङ्को ब्यवस्था हुनेछ ।
- सार्वजनिक यातायात प्रयोग नगर्न अन्य साधन स्कुटर,मोटरसाइकल,कार्यालयको गाडी आदिको प्रयोग गर्ने ब्यवस्था गर्ने गरिनेछ ।
- प्रवेश तथा निकासद्वारहरूमा हात धुने ब्यवस्था गर्नेछ  साथै हात धुने स्थानमा साबनु र पानीको ब्यवस्था गर्ने वा ह्याण्ड स्यानिटाइजरको ब्यवस्था गरिनेछ ।
- कोहि जनप्रतिनिधि वा कर्मचारी यदि विरामी भएमा तुरून्त स्वास्थ्य संस्थामा पुर्‍याउन यातायातका साधनहरू तयारी अवस्थामा राखिनेछ ।

**(ज) राजश्व संकलन र अन्य काम सम्बन्धि सावधानी :** कोरोना भाईरस ( कोभिड १९) को संभावित संक्रमणको जोखिमलाई मध्यनजर गरेर गाउँपालिकाले राजश्व संकलन तथा अन्य कामहरुमा निम्न सावधानिहरु अपनाउने छ ।

- राजश्व वापतको रकम प्रत्यक्ष नगद कारोवार नगरी अन्य सेवाहरु जस्तै अनलाइन,ई-सेवा,मोबाईल बैङ्कि मार्फत रकम बुझ्न पहल गरिनेछ ।
- व्यवसाय दर्ता, नविकरण र अन्य सिफारिस सम्बन्धि कामहरु अनलाइन सेवा मार्फत सम्पादन गरिनेछ ।
- सेवाग्राहीलाई सहजता र सुरक्षाका हिसावले वडा कार्यालयबाटै यस्ता सेवाहरु प्रवाह गर्न पहल गरिनेछ ।

- कागजरहित कार्यालयको रुपमा विकास गरिनेछ ।

## परिच्छेद-४
## विविध

७. **कार्यविधीको व्याख्या**: यो कार्यविधिको अन्तिम व्याख्या कार्यपालिकाले गर्नेछ ।

८. **कार्यविधी संशोधन** : यो कार्यविधिका प्रावधानहरूमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

९. **बाधा अड्चन फुकाउ :**
स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

१० **प्रचलित कानुन बमोजिम हुने :**
यस कार्यविधिमा उल्लेख भएका कुराहरु प्रचलित कानुनसँग वाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

**आज्ञाले,**

**पुरण गुरुङ**

**प्रमुख प्रशासकीय अधिकृत**